# जैमिनी नगरपालिका
# १३औं नगरसभाको दोस्रो बैठकमा
## नगर उपप्रमुख श्री हरिहर शर्माबाट प्रस्तुत बजेट वक्तव्य
## २०८० साल अषाढ ०९ गते

नगरसभा अध्यक्षज्यू,

नगरसभाका सदस्यज्यूहरु,

राजनितिक दलका प्रमुख एवं प्रतिनिधिज्यूहरु,

राष्ट्रसेवक कर्मचारी, सुरक्षाकर्मी, नागरिक समाजका प्रतिनिधि एवं आम सञ्चारका साथीहरु,

नेपाली जनताको लामो संघर्षबाट स्थापित संघीय लोकतान्त्रिक गणतन्त्रात्मक शासन व्यवस्था सहितको नेपालको संविधानको प्रवन्ध बमोजिम जनताको घरदैलोमा रहेको, जनताले देख्न, छुन र अनुभुत गर्न सक्ने स्थानीय सरकार जैमिनी नगरपालिकाको आ.व. २०८०|०८१ को बार्षिक बजेट तथा कार्यक्रम सम्मानित नगरसभामा प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुसी लागेको छ। **समृद्ध जैमिनी खुसी र आत्मनिर्भर जैमिनीवासी** को लक्ष्य बोकेको तेह्रौं नगरसभाको दोस्रो बैठकमा आगामी आ.व. २०८०|०८१ को आय व्ययको विवरण प्रस्तुत गर्न उपस्थित भएको छु।

जन अधिकार र लोकतन्त्र प्राप्तिका सबै आन्दोलनका क्रममा जीवन उत्सर्ग गर्नुहुने सम्पूर्ण ज्ञात, अज्ञात शहिदहरु प्रति नमन गर्दै हार्दिक श्रद्वाञ्जली अर्पण गर्दछु, साथै कोभिड -१९ जस्तो विश्व महामारी तथा विभिन्न विपत्तीहरुको कारण ज्यान गुमाउनुहुने जैमिनीवासी नागरिकहरु प्रति भावपूर्ण श्रद्वासुमन व्यक्त गर्दछु। लोकतन्त्र पूनरवहाली पश्चात् राज्यको पुर्नसंरचना भई संघियता कार्यन्वयनको सन्दर्भमा स्थानीय तहको दोस्रो निर्वाचनबाट नीर्वाचित भई आर्थिक वर्ष २०८०|०८१ को बजेट तथा कार्यक्रिम प्रस्तुत गर्ने अवसरका निम्ति सम्पूर्ण नगरवासी दिदिबहिनी दाजुभाईहरू प्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु।

राज्यको पुर्नसंरचना सँगै ग्रामीण परिवेशबाट बनेको नयाँ नगरपालिकालाई जन्म दिई वर्तमान समयसम्म आईपुग्दा यहाँको सामाजिक, सांस्कृतिक, आर्थिक र भौतिक पूर्वाधारका क्षेत्रमा भएका कार्यहरू र देखिएका परिवर्तनहरूले जैमिनी नगरको विकासको ढोका खुलेको अनुभूति भएको छ। कोभिड -१९ जस्तो महामारी र विगतका बाढी पहिरोले पुर्याएको धनजनको क्षति लगायतका चुनौतीपूर्ण अवस्थालाई पार गर्दै नगरलाई यो अवस्थासम्म ल्याई पुर्याउनु हुने पहिलो संस्करणका जनप्रतिनिधिहरूको नेतृत्व र सहयोग गर्नुहुने राष्ट्रसेवक कर्मचारी एवं सम्पूर्ण नगरवासीहरू प्रति हार्दिक सम्मान र आभार व्यक्त गर्न चाहन्छु।

नेपालको संविधानमा संघ, प्रदेश र स्थानीय तह गरी तीन तहका सरकार रहेको संघीय शासन प्रणालीको व्यवस्था गरिएको छ। संविधानले समावेशी राष्ट्र तथा समाजवाद उन्मुख अर्थतन्त्र निर्माण गर्ने दीर्घकालिन सोचलाई साकार बनाउने लक्ष्य लिनुका साथै आधारभुत सरकारी सेवाहरु स्थानीय सरकारको प्रत्यक्ष परिचालनबाट सबै नागरिकहरुमा सर्वसुलभ तरिकाले उपलब्ध गराउने गरी प्रभावकारी सेवाको आपूर्ति र गुणस्तरमा जोड दिएको छ। संघ प्रदेश र स्थानीय तह विच सहकार्य, सहअस्तित्व र समन्वयको भावना अनुरुप सार्वजनिक सेवालाई नागरिकको पहुँचसम्म पुर्‍याउने, उच्च प्रतिफल प्राप्ती गर्ने, राज्य सञ्चालनका विभिन्न तह र निकाय विच गरिने कार्य र अधिकारको दोहोरोपना हटाउने, श्रोत र साधनको अधिकतम परिचालनबाट स्थानीय तहलाई सवल र आत्मनिर्भर बनाउने परिकल्पना गरको छ।

नेपालको राज्यशक्तिको प्रयोग संविधान र कानून बमोजिम स्थानीय तहहरुले  गर्ने कानूनी व्यवस्था विद्यमान छ। आफ्नो एकल अधिकार क्षेत्रको विषयमा कानून निर्माण गर्न, योजना तथा बजेट तर्जुमा र कार्यान्वयन, वित्तीय व्यवस्थापन, न्यायिक अधिकारको प्रयोग र नागरिकको आधारभूत आवश्यकता पुरा गर्न स्थानीय सरकारले जिम्मेवारी बोधका साथ र कुशलतापूर्वक परिणाममुखी कार्य गर्न पाउने अवसरको सृजना भएको छ।
स्थानीय सरकार विभिन्न विचारहरुको साझा फुलबारी (ईन्द्रेणी) मात्र होईन यो त समावेशिताको संगम पनि हो। तसर्थ हामी स्थानीय सरकारका जनप्रतिनिधिहरु एउटै मालामा उनिएका फुलहरू हौं। हाम्रो साझा संकल्प सामूहिक प्रयासका मार्फत विकासको प्रतिफल पिंधमा रहेको वर्गमा पुर्याउन सफल हुनु पर्नेछ।
तिनै तहका सरकारको राजश्वको अधिकार बाँडफाँड, बजेट व्यवस्थापन, सार्वजनिक खर्च र वित्तीय सुशासन कायम गर्न अन्तरसरकारी वित्त व्यवस्थापन  ऐन, २०७४ र स्थानीयको विकास, स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायीक क्षेत्रको संस्थागत अभ्यास गरी व्यवस्थित सरकार सञ्चालन गर्न स्थानीय सरकार सञ्चालन ऐन, २०७४ जारी भई कार्यान्वयनमा आएपछि लोकतन्त्रका मुल्यहरुको वितरण गर्दै समावेशिताको अभ्यास, जवाफदेहीता, पारदर्शीता र प्रभावकारी स्थानीय शासनको अनुभूति जनतालाई गराउने दायित्व निर्वाचित जनप्रतिनिधिहरुमा रहेको छ। तसर्थ अनिदा रातहरू र अनेकौं संघर्ष विना जनताको अपेक्षा पुरा गर्न र नागरिकको जीवनमा बदलाव ल्याउन सकिदैन भन्ने मर्मलाई आत्मसात गर्नु परेको छ।

हामी सुशासन, विकास निर्माण र आर्थिक समृद्धिको लागि आपसी सहमतिका साथ अगाडि बढ्न प्रतिवद्ध छौं। यो प्रतिवद्धता पुरा गर्न संघीय तथा प्रदेश सरकार, राजनैतिक दल, निजी क्षेत्र, नागरिक समाज र आम सञ्चार जगतको सहयोगको अपेक्षासाथ निरन्तर नागरिकसँगको अन्तर संवाद मार्फत् समाज रुपान्तरण सहितको परिवर्तन गर्न चाहन्छौं।
हाम्रो विकास प्रतिको सोचले आर्थिक र सामजिक क्षेत्रमा रुपान्तरण खोजेको छ। दिगो विकासका लक्ष्य र समृद्धिको आधारलाई पुरा गर्न सहभागिता, सेवा प्रवाह, अनुगमन, र मूल्याङ्कनको क्षेत्रका कार्यहरूवाट वर्तमान पुस्ताले नै अनुभूति गर्ने गरी विकास र समुन्नति हासिल गर्नु परेको छ। संविधानको मर्म र प्रबन्ध अनुसार स्थानीय तहलाई सवल विकास केन्द्र र वडालाई सक्षम सेवा केन्द्रका रुपमा स्थापित गर्दै जानु छ।

सार्वजनिक/निजी, सहकारी तथा सामुदायिक क्षेत्रको सहभागितामा विकास गर्ने नवप्रवर्द्धक र प्रगतिशिल नीतिको कार्यान्वयनमा जोड दिई अर्थतन्त्रलाई उत्पादनमुखी, रोजगारी प्रवर्द्धन, आत्मनिर्भर र निर्यातमुलक बनाउने गरी लगानीका क्षेत्रहरु पहिचान गर्ने वर्तामानको आवश्यक्ता रहेको छ। सबै प्रकारका उपलब्ध श्रोत साधनको दिगो व्यवस्थापन बाट उत्पादन र उत्पादकत्वमा वृद्धि गरी जैमिनीवासीको आकाङ्क्षालाई सम्बोधन गर्न अपरिहार्य भएको छ।
हामी "समृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी" बनाउने दिर्घकालिन लक्ष्यअनुरूप विकासको मौलिक ढाँचामा अघि बढिरहेका छौं। जैमिनीवासी नागरिकका लागि आधारभूत स्वास्थ्य, गुणस्तरीय शिक्षा, प्रतिफलमुखी कृषि तथा पशु क्षेत्रको विकास र पर्यटन प्रवर्द्धनको माध्यमबाट जीवनस्तर सुधार गर्न प्रतिवद्ध छौं। बजेट  तर्जुमा गर्दा मर्यादित जिवन, स्वच्छ खानेपानी, न्यूनतम खाद्य सुरक्षा र घरबार विहिनलाई सुरक्षित आवास, सुकुम्बासी सम्स्या समाधान, भौतिक पूर्वाधार विकास, आन्तरिक तथा वाह्य पर्यटन प्रवर्द्धन क्षेत्रमा व्यवसायीकरण गरि उत्पादन बृद्धि र बजारीकरण, स्थानीय स्तरमा रोजगारी सृजना जस्ता क्षेत्रलाई प्राथमिकता दिइएको छ। प्रस्तुत बजेट हालसम्म प्राप्त भएका उपलब्धिहरूलाई संस्थागत गर्दै जनप्रतिनिधिमूलक लोकतान्त्रिक पद्धतिबाट नागरिकका न्यूनतम आवश्यकता पुरा गर्ने दिशा तर्फ केन्द्रित गर्ने प्रयास गरिएको छ।

आगामी वर्षको बजेट तर्जुमा गर्दा मैले मुलतः नेपालको संविधान र कानूनहरू, संघीय सरकार तथा प्रदेश सरकारको नीति, कार्यक्रम तथा बजेट वक्तव्य, दिगो विकास लक्ष्य, चुनावी प्रतिवद्धता पत्र, हालसम्म नगरसभाबाट बनेका विविध कानूनहरू, बस्ति तथा टोलभेलाका सुझावहरू, वडा समितिका निर्णय, विषयगत समितिका छलफल र विश्लेषणहरू, नगरकार्यपालिकाका निर्णयहरू र हालै निर्माण भएको आवधिक योजनालाई मुख्य आधार बनाएको छु। साथै राजनितिक दल, बुद्धिजिवी, नागरिक समाज, जैमिनी विज्ञ सम्मेलनबाट प्राप्त सुझावहरू, नगरवासीहरु सँगको भेटघाट तथा विभिन्न सम्बादका निष्कर्षहरू र सरोकारवालाहरूबाट प्राप्त भएका महत्वपूर्ण सुझावहरुलाई समेत बजेट निर्माण गर्दा महत्व दिएको छु।

नगरप्रमुखज्यू,
नगरसभाका सदस्यज्यूहरू,

हाम्रो मुख्य प्राथामिकता स्वास्थ्य, शिक्षा, कृषि र पर्यटनलाई केन्द्रमा राखेर परिणाममुखी विकासको बहुआयामलाई बजेट मार्फत् जोड्ने प्रयास गरेको छु। हाम्रो नगरपालिकाको प्राकृतिक स्रोतको सम्भाव्यता, आर्थिक, सामाजिक विकास, पूर्वाधारको उपलब्धता, संस्थागत क्षमतालाई ध्यानमा राखी वार्षिक बजेट तर्जुमा गर्ने प्रयास गरिएको छ। ग्रामिण क्षेत्रको जनजीवनबाट हुर्केको जैमिनी नगरपलिकालाई सहरीकरण गर्दै आम नगरवासीहरूको सबै इच्छा र चाहाना पुरा गर्ने कार्य छोटो अवधिमा पुरा गर्नु पर्ने बाध्यतालाई अनुभुत गरेको छु। जनताका आवश्यकता र चाहना असिमित छन, तर हामीसँग भएको स्रोत साधनले असिमित ईच्छा र चाहानाहरू पुरा गर्न सम्भव नभए पनि आवश्यकता, औचित्यता र प्राथमिकतालाई ध्यानमा राखी प्रस्तुत बजेट तर्जुमा गर्ने प्रयास गरेको छु।

हाम्रो मुल ध्येयलाई आत्मसात गरि अनुत्पादक तथा अनावश्यक खर्च घटाउने, पूँजीगत बजेटको अंश बढाउने, करको दायरा बढाउने र चालु खर्चलाई बाञ्छित सिमामा राखी मितव्ययिता कायम गर्ने गरी बजेट प्रस्ताव गरेको छु। लैससास लगायतका क्षेत्रमा संघीय सरकारबाट प्राप्त विशेष अनुदानलाई दोहोरो नपर्ने गरी सो क्षेत्रमा हाम्रा प्राथामिकताका कार्यक्रमहरुलाई जोड्ने प्रयास गरेको छु। साथै कार्यक्रमको छनौट, साधन स्रोतको बाँडफाँड र विनियोजनमा दोहोरोपनलाई न्यूनिकरण गर्न प्रशासनिक तथा प्राविधिक क्षमता, स्रोत तथा विनियोजनका बिचमा सन्तुलन कायम हुने गरि स्रोत व्यवस्थापन गर्ने व्यवस्था मिलाएको छु।

बजेटको लक्ष्य :-**जैमिनीवासीको खुसी र आत्मनिर्भरताको आधार तयार गर्ने।**

बजेटको उद्देश्य :-

| | |
|---|---|
| १ | सर्वसुलभ र आधारभुत स्वास्थ्य सेवा उपलब्ध गराउने। |
| २. | जीवनोपयोगी मुल्यमा आधारित गुणस्तरीय शिक्षा प्रदान गर्ने। |
| ३ | कृषि तथा पशु क्षेत्रको विकासबाट गरिबी न्यूनिकरण गर्दै आत्मनिर्भरता तर्फ उन्मुख गराउने। |
| ४ | रोजगारीका विभिन्न अवसरहरु सृजना गर्न सीप विकासमा जोड दिने। |
| ५ | स्रोत साधनको अधिकतम परिचालन गर्दै दिगो तथा उत्थानशिल विकास र वातावरण मैत्री विकासमा सहयोग पुर्‍याउने। |
| ६ | सामजिक समावेशीकरणको माध्यमबाट आर्थिक, सामाजिक र साँस्कृतिक क्षेत्रको विकासमा सहयोग पुर्‍याउने। |
| ७ | संस्थागत विकासको लागि सूचना संचार र प्रविधिको उपयोग मार्फत सुशासनको प्रत्याभुति दिईने। |

| | |
|---|---|
| ८ | स्वदेश तथा विदेशमा रहेका जैमिनीवासीको श्रम, सिप पुँजी र ज्ञानलाई एकिकृत गरी सम्भावित लगानीका क्षेत्रमा आकर्षित गर्ने। |
| ९ | दिगो विकासका लक्ष्यहरूलाई स्थानीयकरण गर्दै लक्ष्य  प्राप्तिमा सहयोग पुर्याउने। |
| १० | जैमिनी नगरपालिकाको समानुपातिक र सन्तुलित विकासमा सहयोग पुर्याउने। |
| ११ | पर्यटकका लागि भर्जिन पर्यटकीय गन्तव्यहरुको प्रचार गर्दै जैमिनीलाई पर्यटन तथा अध्ययन अनुसन्धानको केन्द्रको रुपमा विकास गर्न सहयोग पुर्याउने। |

**बजेट तर्जुमाका संबैधानिक कानूनी व्यवस्था र आधारहरु:**

| | |
|---|---|
| १ | नेपालको संविधान |
| २ | स्थानीय सरकार संचालन ऐन, २०७४ |
| ३ | राष्ट्रिय प्राकृतिक स्रोत तथा वित्त आयोग ऐन, २०७४ |
| ४ | अन्तरसरकारी वित्त व्यवस्थापन ऐन, २०७४ |
| ५ | आर्थिक कार्यविधी तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र नियामवली, २०७७ |
| ६ | संघ, प्रदेश तथा स्थानीय तह बिचको समन्वय र अन्तर सम्बन्ध सम्बन्धी ऐन, २०७७ |
| ७ | विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन ऐन, २०७४ |
| ८ | स्थानीय तह संस्थागत क्षमता स्वमूल्यङ्कन कार्यविधि, २०७७ |
| ९ | प्रदेश तथा स्थानीय तहका लागि लैङ्गिक उत्तरदायी बजेट नमूना निर्देशिका, २०७७ |
| १० | संघिय सरकारको पन्ध्रौं योजना राष्ट्रिय प्रादेशिक र स्थानीय तहको दीर्घकालिन सोच |
| ११ | दिगो विकास लक्ष्यका सूचकहरु (ई.स.२०१६-२०३०) |
| १२ | राष्ट्रिय अभियान तथा अन्तर्सम्बन्धित विषयहरु |
| १३ | राष्ट्रिय तथा प्रदेश सरकारको मार्ग निर्देशन |
| १४ | स्थानीय तहको प्रमुख समस्या र सम्भावना |
| १५ | राजनीतिक दलहरुको घोषणा पत्र तथा प्रतिवद्धताहरू |
| १६ | संघीय र प्रदेश सरकारले जारी गरेका नीति, कानून तथा बजेट वक्तव्य |
| १७. | उपलब्ध स्थानीय श्रोत र साधन |
| १८ | नगरपालिकाले चालु आ.व. को कार्यसम्पादनबाट सिकेका महत्वपूर्ण सिकाईहरु |
| १९ | सहभागितामुलक योजना तर्जुमा प्रकृयाबाट प्राथमिकता प्राप्त भई आएका योजाना तथा कार्यक्रमरू |
| २० | विषयगत समितिबाट प्राप्त राय सुझावहरू |
| २१ | नगरपालिकाको आगामी आ.व. को नीति तथा कार्यक्रम |
| २२ | जैमिनी विज्ञ सम्मेलनको घोषणा पत्र, २०७९ |
| २३ | सामाजिक सञ्जालका सकारात्मक सन्दर्भहरु |

## बजेट तर्जुमा विधिः

| | |
|---|---|
| १ | राजश्व परामर्श समितिबाट राजश्वको श्रोत, दायरा र दर समेतको विश्लेषण सहित आन्तरिक आयको अनुमान। |
| २ | आगामी आ.व  २०८०/८१ को लागि अनुमानित आय व्यको प्रक्षेपण गरि राष्ट्रिय प्राकृतिक श्रोत तथा वित्त आयोगमा सिफारिस । |
| ३ | संघिय र प्रदेश सरकार बाट आगामी आ.व. २०८०/०८१ का लागि वित्तीय समानिकरण अनुदान र राजश्व बाँडफाँडको प्राप्त सिलिङको बिश्लेषण। |
| ४ | श्रोत अनुमान तथा बजेट सिमा निर्धारण समितिबाट विषय क्षेत्र अनुसार आय व्ययको सिमा निर्धारण। |
| ५ | वस्ती तथा वडास्तरबाट योजना तथा कार्यक्रम छनौट र प्राथमिकीकरण। |
| ६ | विषयगत समिति, बजेट तथा कार्यक्रम तर्जुमा समिति हुदै कार्यपालिका बैठकको निर्णय। |

## बजेटका आपेक्षित उपलब्धिहरूः

| | |
|---|---|
| १ | जैमिनी नागरिक स्वास्थ्य उपचार कोषको सुरुवात गरिनेछ। |
| २ | शिक्षा ऐनको कार्यान्वयन संगै शैक्षिक सुधारको कार्ययोजना लागु गरिनेछ। |
| ३ | एक वडा एक उत्पादन कार्यलाई प्रारम्भ गरिनेछ। |
| ४ | जैमिनी नगरपालिकाको सडक गुरु योजना (MTMP) तयार भई कार्यान्वयन गरिनेछ। |
| ५ | जैमिनी नपा को जुम्लीखोला र रूम्टाखोला मोटरवेल पुल निर्माणको प्रारम्भ गरिनेछ। |
| ६ | कुश्मीसेरा सरङ्गी सडक खण्ड र जैमिनी धाम कुश्मीसेरा सडक खण्डको बाँकी भाग कालोपत्रे हुनेछ। |
| ७ | ग्रामीण सामुदायिक पहुँच सुधार कार्यक्रम (RCIP) मार्फत कुश्मीसेरा, विनामरे, अर्जेवा, जैदी, छिस्ती कृषि सडकको स्तरोन्नति प्रारम्भ गरिनेछ। |
| ८ | नगपालिकाका वडा नं. १० र ७ मा दुई वटा हेलिप्याड निर्माण गरिनेछ। |
| ९ | कुश्मीसेरा बजार क्षेत्रको बाँकी सडक खण्डमा नाली निर्माण, ढलान तथा कालोपत्रे गरिनेछ। |
| १० | नगरपालिका भित्रका १३ वटै दिगो सडकको स्तरोन्नती भई यातायात सेवा सहज हुनेछ। |
| ११ | नगरस्तरमा करिव ५ कि.मी. नयाँ सडक निर्माण हुनेछ भने करिव ७० कि.मी. सडकमा मर्मत सुधारका काम गरिनेछ। |
| १२ | निर्माणाधिन नगरको प्रशासकीय भवनको ५०% कार्य सम्पन्न गरिनेछ। |
| १३ | घरविहिन, खरका छाना तथा सुरक्षित नागरिक आवास कार्यक्रममा सूचकृतभएका परिवारमध्ये करिब ६० घरधुरिको घर निर्माण तथा छाना छाउने कार्य सम्पन्न गरिनेछ। |
| १४ | आगामी आ.व. को पहिलो चौमासिक भित्र ५ वटा झोलुङ्गे पुलको निर्माण कार्य सम्पन्न गरिनेछ भने थप ५ वोटा पुलको सर्भे डिजाईन सम्पन्न भएको हुनेछ। |
| १५ | नगरपालिका भित्र विभिन्न वडाहरुमा कम्तिमा ३ कि.मी. पक्की  सिँचाई कुलो निर्माण सम्पन्न गरिनेछ। |

| | |
|---|---|
| १६ | आधारभूत तह कक्षा १-८ सम्मकै स्थानीय पाठ्यक्रम निर्माण गरि लागु भएको हुनेछ। |
| १७ | उद्यमी प्रोत्साहन कार्यक्रममा सहभागी हुने सम्पूर्ण उद्धमीहरुलाई अनिवार्य आफ्नो उद्धम दर्ता गरि व्यवसाय उन्मुख भएका हुनेछन्। |
| १८ | कम्तिमा २५% बालबिकास केन्द्रहरुलाई सुविधा सम्पन्न बनाई वालमैत्री, खेलमैत्री बनाईएको हुनेछ । |
| १९ | सत्यापन सहितको निरन्तर दरवन्दी मिलान कार्य गरी दरवन्दी पुनर्वितरण गरिएको हुनेछ। |
| २० | लिड स्कुलको भौतिक संरचना २५% कार्य सम्पन्न गरी कक्षा १ देखि नै पढ्दै कमाउदै कार्यको सुरुवात भएको हुनेछ र अन्य माध्यमिक विद्यालयहरुमा समेत एक विद्यालय एक उत्पादन कार्यक्रमको सुरुवात हुनेछ। |
| २१ | वार्षिक परीक्षा, नगरस्तरीय अतिरिक्त क्रियाकलापमा सहभागिता, उत्कृष्ट कार्यसम्पादन जस्ता सुचकहरुको आधारमा शिक्षक, विद्यार्थी र विद्यालय प्रोत्साहित भई शैक्षिक गुणस्तरमा स्तरोन्नति भएको हुनेछ । |
| २२ | सूचना प्रविधिको विकासबाट विद्यालय तहको शैक्षिक तथ्याङ्क व्यवस्थित भई शैक्षिक प्रतिवेदन तयार गर्न सहज हुनेछ। |
| २३ | स्नातक तह (शान्तिदीप बहुमुखी क्याम्पसमा) अध्ययनरत विद्यार्थीका लागि छात्रवृति र छात्रावास व्यवस्थापन गरी ७५% भन्दा बढी विद्यार्थी लाभान्वित हुनेछन। |
| २४ | सबै माध्यामिक र आधारभुत विद्यालयहरुमा ICT lab, विज्ञान प्रयोगशाला र पुस्तकालयको व्यवस्था भई विद्यालयको पठनपाठन गुणस्तरिय हुँदा सिकाई उपलब्धि उच्च हुनेछ। |
| २५ | कृषि तथा पशुपंक्षीजन्य उत्पादन ३०% ले वृद्धि भएको हुनेछ। |
| २६ | स्वच्छ र गुणस्तरीय मासु उत्पादन भएको हुनेछ। |
| २७ | पशु स्वास्थ्य शिविर गरी कम्तीमा ५००० पशुहरुको स्वास्थ्य परीक्षण हुनेछ। |
| २८ | पशुहरुको नश्ल सुधारबाट उन्नत पशुपालनको विकास हुनेछ। पशुहरुमा पूर्णखोप सुनिश्चित हुनेछ। |
| २९ | अलैंची तथा अन्य मसलावालीहरुको क्षेत्र विस्तार भई बाँझो जग्गाको उपभोग भएको हुनेछ। |
| ३० | खद्यान्नवाली तथा तरकारीवालीको विउ उत्पादन गरी अनुमानित ५ समूहको आम्दानीको श्रोत बृद्धि हुनेछ। |
| ३१ | प्रविधि प्रसारको माध्यमबाट नगरपालिका स्तरका अनुमानित ३० जना युवाहरू स्वरोजगार हुनेछन्। |
| ३२ | पर्यटन क्षेत्रको पूर्वाधार विकास र प्रचार मार्फत आन्तरिक तथा वाह्य पर्यटकहरूको आगमनमा बृद्धि भएको हुनेछ। |
| ३३ | अनुभव, सीप, प्रविधि र दक्षता साटासाट गर्न पाहुना शिक्षक कार्यक्रमको सुरुवातले शैक्षिक गुण्स्तर वृद्धि गर्न मद्दत पुग्ने छ। |
| ३४ | एक विद्यालय एक उत्पादन कार्यक्रम संचालन गरि विद्यार्थीहरुलाई उत्पादन र आयआर्जनसँग जोड्दै लगिनेछ। |
| ३५ | नगर अस्पतालको भवन निर्माण कार्य प्रारम्भ हुनेछ। |
| ३६ | नागरिकहरुले बिशेषज्ञ सहितको स्वास्थ्य टोलीबाट नगरका तिन स्थानमा एकीकृत स्वास्थ्य सेवा प्राप्त गर्नेछन । |

| | |
|---|---|
| ३७ | प्रविधिमैत्री सेवा मार्फत नगरिकको स्वास्थ्य सेवाको पहुँच हुनेछ। |
| ३८ | नगर अस्पताल र स्वास्थ्य चौकीहरुमा अत्यावश्यकीय औषधिको सुनिश्चितता हुनेछ। |
| ३९ | "गर्भवतीको साथी पोषण, स्वास्थ्यकर्मी र स्वयंसेविका" कार्यक्रमको संचालनबाट मातृ, शिशु र बाल मृत्यु दर कमि आउनेछ। |
| ४० | १३८ महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका र निजका परिवारहरू निशुल्क स्वास्थ्य विमा कार्यक्रमबाट लाभाम्वित हुनेछन्। |
| ४१ | कालिगण्डकी करिडोर सडकमा सहरी स्वास्थ्य केन्द्र स्थापना भई सेवा आरम्भ हुनेछ। |
| ४२ | बालमैत्री स्थानीय शासन घोषणा कार्यक्रमका प्रारम्भिक आधारहरू तयार हुनेछन्। |
| ४३ | लैंगिक हिंसा जोड कोषको माध्यमबाट हिंसा पिडित महिलाहरूलाई तत्काल उद्धार र राहतमा सहयोग हुनेछ। |
| ४४ | लोकसेवा आयोगको तयारी कक्षा संचालनबाट करिब २५ जना दलित विद्यार्थी लाभाम्वित हुनेछन्। |
| ४५ | सामजिक सुरक्षा भत्ता वितरण कार्य वडास्तरबाटै सम्पादन हुनेछ। |
| ४६ | नगरका सबै वडाबाट समाजिक सुरक्षा, व्यक्तिगत घटनाका विवरणहरू अनलाईन प्रविष्ट भएको हुनेछ। |
| ४७ | नगरपालिकाबाट प्रदान गरिने सबै प्रकारको सेवाबाट नागरिकको सन्तुष्टि मापन (सर्भे) का माध्यमबाट सुशासन कायम हुनेछ। |
| ४८ | डिजिटल नागरिक वडापत्र निर्माण गरी नागरिकले प्राप्त गर्ने सेवामा सहज पहुँच पुग्नेछ। |
| ४९ | एकीकृत राजश्व सुधार योजना मार्फत करको दर र दायरा व्यवस्थित हुनेछ। |
| ५० | कर परिचयपत्र सफ्टवेर संचालनबाट आन्तरिक आय संकलनमा सहयोग पुग्नेछ। |
| ५१ | नगरका मुख्य बजार केन्द्र र वडा कार्यालयमा **CCTV** जडान गरी शान्ति सुरक्षा कायम गर्न टेवा पुग्नेछ। |
| ५२ | गन्तव्य स्थान पहिचानका लागि नगरका मुख्य सडक चोकहरुमा सडक सूचना संकेत राखिनेछ। |
| ५३ | मिडियासँग जैमिनी कार्यक्रम मार्फत नगरको समग्र विकासका कार्यहरु, पर्यटकिय स्थल र सम्पादित गतिविधिहरुको प्रचारप्रसार तथा नागरिक सँगको पहुँचलाई अभिबृद्धि गरिनेछ। |
| ५४ | एकिकृत घुम्ति शिविर मार्फत नागरिकले आफ्नै घरगाउँबाट सेवा पाउने छन्। |
| ५५ | सार्वजनिक सुनुवाई मार्फत सुशासन, पारदर्शिता, जवाफदेहिता कायम भएको हुनेछ। |
| ५६ | सूचना, वित्तिय साक्षरता, मनोपरामर्श र प्रचारप्रासारको माध्यमबाट वैदेशिक रोजगारीको क्षेत्रमा देखिएको विसङ्गति घटेका हुनेछन्। |
| ५७ | विपद्को कारणबाट सम्भावित क्षतिको पहिचान गरी विपद् व्यवस्थापन कोष मार्फत तत्काल राहत उपलब्ध गराइनेछ। |
| ५८ | जैमिनी विपद् प्रतिकार्य नागरिक सँजाल क्रियासिल भई तत्काल राहत र उद्धार परिचालित हुनेछ। |
| ५९ | न्यायिक समितिसँग सम्बन्धीत उजुरी र गुनासोहरुलाई मेलमिलापकर्ताको सहजीकरण मार्फत वडा स्तरबाट मेलमिलाप गराउने प्रयास गरिनेछ। |

| | |
|---|---|
| ६० | वडास्तरबाट मेलमिलाप हुन नसकेका उजुरि र गुनासोहरुलाई न्यायिक समितिबाट निरुपण गरिनेछ। |

**योजना तथा कार्यक्रम प्राथमिकताका आधारहरू:**

| | |
|---|---|
| १ | गरिबी निवारणमा प्रत्यक्ष योगदान पुर्याउने, |
| २ | उत्पादनमुलक तथा छिटो प्रतिफल प्राप्त गर्न सकिने, |
| ३ | जनताको जिवनस्तर सुधार गर्न सहयोग पुर्याउने, |
| ४ | स्थानीय सहभागिता जुट्ने, स्वयं सेवा परिचालन गर्न सकिने तथा लागत कम लाग्ने, |
| ५ | स्थानीय स्रोत, साधन र सिपको अधिकतम प्रयोग हुने, |
| ६ | महिला, बालवालिका तथा पिछडिएका क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, |
| ७ | लैंगिक समानता तथा सामाजिक समावेशिकरणको अभिबृद्धि गरी मूल प्रवाहमा ल्याउने, |
| ८ | भाषिक तथा सांस्कृतिक पक्षको जर्गेना र सामजिक सदभाव तथा एकता अभिबृद्धिमा सघाउ पुर्याउने, |
| ९ | दिगो विकास, वातावरणीय संरक्षण तथा प्रवर्द्धन गर्न सघाउ पर्याउने, |
| १० | सुशासन मार्फत नागरिकहरुको सबै सेवामा पहुँच पुर्याउने, |
| ११ | वाह्य श्रोत, साधन र पुँजीको आकर्षणमा जोड दिने, |
| १२ | दिगो विकासका लक्ष्य प्राप्तिमा सहयोग पुर्याउने, |
| १३ | वैदेशिक रोजगारीलाई व्यवस्थित, मर्यादित र भरपर्दो बनाउने। |

**अध्यक्ष महोदय,**

अब म जैमिनी नगरपालिकाको गत आ.व. २०७८/०७९ र चालु आ.व. २०७९/०८० को हाल सम्मको समिक्षा प्रस्तुत गर्ने अनुमति चाहन्छु।

गत आ.व. २०७८/०७९ को वार्षिक अवधिमा शसर्त र निशर्त गरि सबै विषयगत क्षेत्र तर्फ सञ्चालित कुल योजना र कार्यक्रमको संख्या ५३४ स्वीकृत भएकोमा ३५१ वोटा योजना कार्यक्रमको १०० प्रतिशत, १३९ वोटा योजना/कार्यक्रम को ८० प्रतिशत र ४४ वोटा योजना कार्यक्रम संचालन हुन नसकेको देखिन्छ।५ वोटै विषयगत क्षेत्रको समग्र भौतिक प्रगति ७३ प्रतिशत र वित्तीय प्रगति ७२ प्रतिशत रहेको छ।निशर्त र शसर्त अनुदान तर्फको कुल अनुदान प्रगति ७१.५ प्रतिशत रहेको छ भने वित्तीय प्रगति ७२.५ प्रतिशत रहेको छ।

अब म विषयगत क्षेत्र तर्फ हासिल गरेका केहि महत्वपूर्ण उपलब्धी विवरणहरू निम्न बमोजिम प्रस्तुत गर्ने अनुमति चाहन्छु।

## पूर्वाधार विकासः

| | |
|---|---|
| १ | जैमिनी नगरपालिका भित्र चालु आ.व को वर्तमान अवधि सम्म १०.५ कि.मी. सडक थप भई ४१८.५ कि.मी. पुगेको छ। सडक स्तरोन्नती र मर्मत सुधार गर्ने कार्यलाई प्राथामिकता दिई कार्य सम्पन्न भएको छ। |
| २ | नगरपालिकाको आफ्नै स्रोत र सरोकारवाला निकाय मार्फत जैमिनी नगरपालिका भित्र १.७ कि.मी. सडक ढलान भएको छ।कुश्मीसेरा बजार खण्डको ९५० मी. ढलान तथा कालोपत्रेको काम यसै आ.व. को अन्त्य सम्म सम्पन्न हुनेछ। |
| ३ | भौगोलिक विकटताले पछाडि परेको खोलाखानी बस्ती नगरपालिकाको रिङरोड सडक अन्तर्गत प्रस्तावित सावली बाघखोर सडकलाई नगरको केन्द्र सँग जोडिएको छ। |
| ४ | गत आ.व. को अन्त्य सम्म सडक निर्माण सुधार तथा स्तरोन्नति गर्ने काममा १४०३ घ. मि. तारजाली लगाउने, १२६३ मि. पक्की नाली निर्माण, १५७० मि. कच्चि नाली निर्माण कार्य भएको छ साथै सिँचाई तर्फ १७७४ मि. पक्की कुलो र १४३३ मि. कच्ची सिँचाइ कुलो निर्माण सम्पन्न भएको छ। |
| ५ | ५ ओटा झोलुङ्गे पुल निर्माणधिन अवस्थामा रहेका छन्, आगामी आ.व. को प्रथम चौमासिक भित्र सम्पन्न हुनेछन्। |
| ६ | ७.५ कि.मी. गोरेटो बाटो पैदल मार्ग सम्पन्न भएको छ। |
| ७ | राष्ट्रपति शैक्षिकसुधार कार्यक्रमबाट गत र चालु वर्ष गरी २५ वटा विद्यालयका भवनहरु निर्माण भैरहेको मा हालसम्म ७ ओटा भवन सम्पन्न भएका छन् भने बाँकी भवनहरु चालु आ.व. को अन्त्य सम्म सम्पन्न गर्ने गरी कार्य भईरहेको छ। |
| ८ | नगरपालिकाको प्रशासकीय भवन निर्माण कार्य २५% पुरा भएको छ। नगरका अन्य भवन निर्माण सुधार, सिँचाई कुलो मर्मत, स्वास्थ्य चौकी, वडा कार्यालय मर्मत एवं व्यवस्थापन, मठ मन्दिर व्यव्सथापन र संरक्षण लगायतका पूर्वाधारका कार्यहरू सम्पन्न गरिएका छन्। |
| ९ | चालु आ.व. को यस अवधिमा ३ वटा हेलिप्याड बनाउने कार्य सम्पन्न भएको छ। |

## आर्थीक विकास समितिः

| | |
|---|---|
| १. | जैमिनी नगरपालिका खसी तथा बोकाको मासु आपूर्तिमा आत्मनिर्भर भएको छ। |
| २. | गत आर्थिक वर्ष र चालु वर्षको वर्तमान अवधि सम्म ५०५ गाई भैसीमा कृत्रिम गर्भधानको माध्यमबाट नश्ल सुधार गरी पशुको गुण्स्तरमा सुधार र दुध उत्पादनमा वृद्धि भएको छ। |
| ३. | जैमिनीवासी कृषकहरुले वार्षिक ३००००० लि. दुध निकासी भइ वार्षिक रू. दुइ करोड दश लाख आम्दानी गरेका छन्। |

| | |
|---|---|
| ४. | जैमिनी नगरक्षेत्रबाट बार्षिक अनुमानित २३०० खसी बोकाको निर्यात भएको छ भने अन्तरिक रुपमा करिब ४५०० खसी बोका खपत भएको छ। जसबाट कृषकको आम्दानीमा बृद्धि भएको छ। |
| ५. | कुखुरा, बाख्रा, बंगुरपालन लगायत पशुपंक्षीको व्यवसायिक पालन गर्ने कृषकहरूको संख्या ३०० भन्दा बढि रहेको छ। |
| ६. | जैमिनी नगरक्षेत्रबाट उत्पादन भएको सुन्तला खेतीबाट वार्षिक रू. २१,००,०००।, अलैंची बिक्रीबाट रू.२५,००,०००।, आलुखेतीबाट रू. १०,००,०००।, केरा खेतीबाट खुद रू. २५,००,०००। आम्दामी भएको प्रारम्भिक अनुमान छ। |
| ७. | आर्थिक वर्ष २०७९/८० मा खाध्यन्नवाली अन्तर्गत धानवालीको उत्पादन १.५ गुणाले बृद्धि भएको छ। |
| ८. | डालेघाँस, भुईघाँसको विकासबाट पशु आहारको आपूर्तिमा सहयोग पुगेको छ। वार्षिक ४००० भन्दा बढि डाले घाँसका विरुवाहरु रोपण कार्य भैरहेको छ। |
| ९. | वार्षिक रुपमा यान्त्रिकरणले उत्पादन लागतमा २५% लगानी कम भएको प्रारम्भिक अनुमान छ। |
| १०. | आगामी आ.व. ०८०/८१ बाट सुरुहुने गरि पहाडी क्षेत्रमा काष्ठफल तथा फलफुल विकास आयोजना (NAFHA) को लागि जैमिनी नगरपालिका छनौट भएको छ। |
| ११. | जैमिनी नगरपालिका र भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रको समन्वयमा २१,६३८ पशुहरुलाई पूर्ण खोप उपलब्ध गराइएको छ। |
| १२. | जैमिनी नगरपालिका वडा नं ३ मा सिस्नु पाउडर, आलु चिप्स, बाँकाको सिन्की उत्पादन तथा बजारिकरणको प्रारम्भ भएको छ। |
| १३. | गरिवी निवारणका लागि लघुउद्यम विकास कार्यक्रम अन्तर्गत ४० जनालाई सिलाई कटाई पुनर्ताजिगि तालिम, ३२ जनालाई बुटिक र बाँसजन्य सामग्री निर्माण तालिम सम्पन्न भएको छ। |
| १४. | कृषि उत्पादनको संरक्षण, वन्यजन्तुको व्यवस्थापन तथा पर्यटकीय क्षेत्र विकासका लागि जैमिनी नगरपालिका वडा नं ८ पुरानो गाउँमा प्राकृतिक चिडिया खाना तथा मंक्री पार्कको प्रारम्भिक कार्यका लागि पहल गरिएको छ। |

## सुशासन तथा सँस्थागत विकासः

| | |
|---|---|
| १. | आ.व. २०७९/८० को स्थानीय तह वित्तीय सुशासन जोखिम मुल्याङ्कन तर्फ बागलुङ जिल्लाका १० पालिका मध्ये प्रथम भएको छ। |
| २ | स्वीकृत वार्षिक योजना र कार्यक्रमलाई कार्ययोजना सहित उपभोक्ता समितिको गठन, अनुशिक्षण, सम्झौता र फरफारक गर्ने कार्य गरि चैत्र मसान्त भित्रै अपेक्षित प्रगति प्राप्त गर्न सकिएको छ। |
| ३ | वडा नं २ र ७ मा सर्वजनिक सुनुवाई कार्यक्रम सम्पन्न भएको छ। |
| ४ | जैमिनी नगरपालिकाको आवधिक योजना/मध्यमकालिन खर्च संरचना निर्माण कार्य सम्पन्न भएको छ। |
| ५ | नक्साङ्कन सहितको सूचना पार्टी/डिजिटल नगरिक वडापत्र चालु आ.व. को अन्त्य सम्म सम्पन्न हुने गरि कार्य भैरहेको छ। |

| | |
|---|---|
| ६ | वित्तिय उत्तरदायित्व सम्बन्धि तालिम सम्पन्न भएको छ। |

## सामाजिक विकास समिति

### स्वास्थ्यः

| | |
|---|---|
| १ | कोभिड-१९ रोग विरुद्ध ५ वर्ष माथिका सबै लक्षित समुहलाई कोभिड १९ विरुद्धको खोप प्रदान गरि खोपको शुनिश्चतता भएको छ। |
| २ | नगरअस्पतालको निर्माणका लागि आवश्यक जग्गा प्राप्ति बजेटको शुनिश्चतता लगायत प्रारम्भिक कामहरु गरिएको छ। |
| ३ | जैमिनी नगरपालिकाका वडा नं १, ७ र १० मा एकीकृत विशेषज्ञ शिविर मार्फत ११०२ जनालाई स्वास्थ्य सेवा उपलब्ध गराईएको छ। |
| ४ | गर्भवती आमा र बच्चाको सुरक्षाको लागि गर्भवतिको साथी पोषण स्वास्थ्य कर्मी र महिला सामुदायिक स्वास्थ्य स्वयसेविका मार्फत २७८ जना गर्भवती आमालाई सेवा पुर्याइएको छ। |
| ५ | छिस्ती स्वास्थ्य चौकीमा सुत्केरी हुने महिलाको लागि आवासको व्यवस्था गरिएको छ। |
| ६ | गर्भवती महिलाहरुको गर्भको जटिलता पत्ता लगाउनको लागि २०० जनालाई ग्रामिण भिडियो एक्स-रे सेवा प्रदान गरिएको छ। |
| ७ | नगरपालिकाका प्रत्येक वडामा घुम्ती सेवा मार्फत परिवार नियोजन सेवा उपलब्ध गराइएको छ। |
| ८ | मातृमृत्यु, नवशिशु मृत्यु, शिशुमृत्यु दर घटाई औषत आयु बढ्न सहयोग पुगेको छ। |
| ९ | स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीहरूलाई आफ्नो पेशासँग सम्बन्धित क्षमता अभिबृद्धि तालिम, प्रविधिमैत्री उपकरणको व्यवस्थापन र न्यूनतम आवश्यक औषधीको नियमित आपूर्तिलाई शुनिश्चित गरिएको छ। |
| १० | विद्यालय आयूर्वेद तथा योग शिक्षा कार्यक्रम मार्फत ३६३ जना विद्यार्थी लाभाम्वित भएका छन। |
| ११ | आयूर्वेद कार्यालयको पहुँच भन्दा टाढा भएका जनतामा नागरिक आरोग्य कार्यक्रम मार्फत ८९८, स्तनपायी आमा तथा जेष्ठ नागरिकको स्वास्थ्यमा सुधार ५९७ जना भएका छन। |
| १२ | विरामीको लागि औषधीको उपलब्धता सुनिश्चितता भएको छ। ४३६३ जना सेवाग्राहीले ओ.पि.डि. सेवा लिएका छन् । |
| १३ | ३१४ के.जी. परिमाणमा अत्यावश्यक आयूर्वेद औषधी निर्माण, जडिवुटी तथा आयूर्वेद सेवा लिने जागरुकता, योग प्रतिको आकर्षण बृद्धि भएको छ। |

### शिक्षाः

| | |
|---|---|
| १ | कक्षा १-५ तहको स्थानीय पाठ्यक्रम निर्माण र कार्यान्वयन भएको छ। |
| २ | यस पालिका स्थित सञ्चालित विद्यालयहरुका उद्धमी अभिभावक छनौट गरी, प्रत्येक विद्यालयका २ सफल उद्धमीहरुलाई पुरस्कृत गरिएको छ। |
| ३ | १० वटा बालबिकास केन्द्रहरुको स्तरोन्नति सहित कक्षाकोठा व्ययस्थापन र सुदृढिकरण भएको छ। |
| ४ | पहिलो चरणको दरवन्दी मिलान र व्यवस्थापन कार्य सम्पन्न भएको छ। |
| ५ | लिड स्कुल स्थापनाको लागि कार्यविधि निर्माण, विद्यालय छनौट र आधार निर्माण भएको छ। |

| | |
|---|---|
| ६ | कक्षा ५, ८ र एस. ई.ई को नतिजाका आधारमा उत्कृष्ट विद्यार्थी, शिक्षक र विद्यालय सम्मानित भएका छन। |
| ७ | IEMIS प्रयोगमा सक्षमता अभिवृदी, विद्यालय लेखा व्यवस्थापन र जिन्सी व्यवस्थापनमा सुदृढिकरण भएको छ। |
| ८ | वार्षिक शैक्षिक क्यालेण्डर निर्माण र कार्यान्वयन भएको छ। |
| ९ | स्नातक तहमा छात्रवृत्ति सुनिश्चितता र स्नातक तह छात्रावास व्यवस्थित भएको छ। |
| १० | शिक्षासमबन्धी कार्यविधि व्यवस्थित गरिएको र शिक्षा ऐन यसै नगरसभाको प्रथम बैठकबाट पारित गरिएको छ। |
| ११ | २५% विद्यालयमा डिजिटल सिकाई सामाग्री व्यवस्थित भएको छ। |
| १२ | ६-१० का सम्पुर्ण छात्राहरुलाई निशुल्क स्यानिटरी प्याड वितरण र डिस्पोजल मेसिन समेतको व्यवस्थापन भएको छ। |
| १३ | ५०% आधारभुत विद्यालय (१-८) र सम्पूर्ण माध्यामिक विद्यालय (१-१२) मा पुस्तकालय, बिज्ञान प्रयोगशाला, **ICT** व्यवस्थित गरीएको। |

**<u>लैंगिक समानता तथा सामजिक समावेशीकरणः</u>**

| | |
|---|---|
| १ | जेष्ठ नागरिक सम्मान कार्यक्रम सम्पन्न भएको छ। |
| २ | स्थानीय बालमैत्री नगर घोषणाका लागि पूर्व तयारी चरणमा प्रतिवद्धता सहित अभिमुखीकरण संचालन गरिएको छ। |
| ३ | हालसम्म नगरपालिकाबाट अपाङ्ग परिचयपत्र वितरण “क” वर्गको ३१ जना “ख” वर्गको ६७ जना “ग” वर्गको २२ जना र “घ” वर्गको १७ जनाले प्राप्त गरेका छन। |
| ४ | नगरपालिका भित्रका गरिब तथा विपन्न ३९ जना विरामी व्यक्तिहरुलाई विपन्न स्वास्थ्य सहायता उपलब्ध गराइएको छ। |
| ५ | लैंगिक हिंसा र जातिय विभेद अन्त्यका लागि सचेतना कार्यक्रम एवं अन्तरक्रिया, जनजातिको क्षमता अभिबृद्धि कार्यक्रम संचालन भएको छ। |

**<u>न्यायीक समितिः</u>**

| | |
|---|---|
| १ | आधारभुत मेलमिलापकर्ता आठ दिवसीय तालिम सन्चालन गरी नगरपालिकामा ३२ जना आधारभुत मेलमिलापकर्ता सूचीकृत गरी वडा स्तरमा आधारभुत मेलमिलाप केन्द्र सन्चालनमा ल्याईएको छ |
| २ | आधारभुत मेलमिलापकर्ता तालिम प्राप्त गरी आवस्यक योग्यता पुरा गर्नुभएका ७ जनालाई राष्ट्रिय मेलमिलापकर्ताको रुपमा सूचीकृत हुनकालागी पठाईएको र २ जनालाई आधारभुत मेलमिलापकर्ता प्रशिक्षकको तालिम प्रदान गरिएको छ । |
| ३ | न्यायिक समिति अन्तरगत हालसम्म प्राप्त हुन आएका निवेदनहरुमा ६ वटा निरन्तर कारवाहिमा रहेको र यस अघिका सबै निवेदन किनारा लागी सकेका छन । |

## सामजिक सुरक्षाः

| | |
|---|---|
| १ | ८ वटा वडावाट अनलाइनद्वारा व्यक्तिगतगत घटना दर्ता गरिएको । |
| २ | बैक मार्फत सवै वडाहरुका टोलटोलमा पुगि सामाजिक सुरक्षा भत्ता वितरण गरिएको । |

## अन्यः

| | |
|---|---|
| १ | पहिचान भएका नगरका २२ जना सुकुम्वासी मध्ये १९ जनाको घरवासको व्यवस्ता मिलाईएको छ। |
| २ | सूचीकृत भएका १०५ घरविहिन मध्ये हालसम्म ५० घरविहिन परिवारको घर निर्माण कार्य सम्पन्न भएको छ। |
| ३ | सुरक्षित नागरिक आवास कार्यक्रममा समावेश भएका २३० घर मध्य हालसम्म १२१ घरपरिवारको सुरक्षित आवास निर्माण भएको छ। |
| ४ | नगरभित्र सूचीकृत भएका खरका छाना भएका मध्ये हालसम्म ५३९ घरधुरीलाई जस्तापाता वितरण गरी खरका छाना मुक्त बनाईएको छ। |

**सभाध्यक्ष महोदय,**

अब म आगामी आर्थिक वर्ष २०८०/०८१ का लागि बजेट विनियोजनका प्राथामिकता प्रस्तुत गर्ने अनुमति चाहन्छु। प्राथामिकताहरुका मुख्य क्षेत्रहरूः

| | |
|---|---|
| १ | जैमिनवासी विपन्न नागरिकहरुको स्वास्थ्य सेवाको पहुँचलाई सहज बनाउन **जैमिनी विपन्न नागरिक स्वास्थ्य उपचार कोष** स्थापनाको लागि बजेट प्रस्ताव गरेको छु। |
| २ | बालबालिका, गर्भवती र सुत्केरी आमाको स्वास्थ्य रक्षाको लागि बहुपक्षिय पोषण कार्यक्रम मार्फत बजेटको सुनिश्चितता गरेको छु। |
| ३ | गर्भवतिको साथी पोषण, स्वास्थ्यकर्मी र सामुदायिक महिला स्वयंसेविकाको निशुल्क स्वास्थ्य विमा कार्यक्रमलाई निरन्तरता हुने गरी बजेट व्यवस्था गरेको छु। |
| ४ | प्रविधिमैत्री उपचार सेवा (टेलिमेडिसिन) कार्यक्रमको संचालन गर्न प्रस्ताव गरेको छु। |
| ५ | नागरिकको आधारभूत स्वास्थ्य सेवाको लागि आवश्यक पर्ने औषधिका लागि बजेट प्रस्ताव गरेको छु। |
| ६ | गर्भवति र अशक्त विरामीलाई तत्काल उद्धार पुर्याउने २ वडा हेलिप्याड निर्माण गर्ने गरी बजेट प्रस्ताव गरेको छु। |
| ७ | लिड स्कुलको रूपमा छनौट भईसकेको सर्वोदयजनक मा.वि. विनामारेको संचालन र व्यवस्थापनका लागि बजेट प्रस्ताव गरेको छु। |
| ८ | वालविकास केन्द्र तथा विद्यालय कर्मचारीहरुको नपुग पारिश्रमिकका लागि आवश्यक पर्ने बजेट निरन्तरता दिएको छु। |
| ९ | प्राविधिक शिक्षा छात्रवृत्ति कार्यक्रमको लागि निरन्तरता दिन बजेट व्यवस्था गरेको छु। |

| | |
|---|---|
| १० | नगरपालिका भित्रका सबै विद्यालयमा कार्यगर्ने गरि नगर खेलकुद शिक्षकको व्यवस्था गर्न बजेट व्यवस्था गरेको छ। |
| ११ | उद्यमी अविभावक प्रोत्साहन कार्यक्रम निरन्तरताको लागि बजेट विनियोजन गरेको छ। |
| १२ | शान्तिदीप बहुमुखि क्याम्पसका उत्कृष्ट, दलित र अल्पसँख्यक विद्यार्थीका लागि छात्रवृत्ति कार्यक्रमका लागि आवश्यक बजेट विनियोजन गरेको छ। |
| १३ | गैससँगको साझेदारी गर्दै ठुलिदिदीहरुलाई नगरका अन्य समुदायीक विद्यालयहरुमा परिचालन गर्ने गरि बजेट व्यवस्था गरेको छ। |
| १४ | जैमिनी १० को राङखानी मा.बि. मा छात्राबास निर्माणको लागि बजेट प्रस्ताव गरेको छ। |
| १५ | राष्ट्रपति रनिङ शिल्ड लगायतका खेलकुद क्षेत्र विकासको लागि बजेट व्यवस्था गरेको छ। |
| १६ | एक विद्यालय एक उत्पादन, शिक्षकका लागि शैक्षिक सामग्री घुम्ती कोष, पाहुना शिक्षक कार्यक्रमका लागि बजेट विनियोजन गरेको छ। |
| १७ | आ.व. ०८२/०८३ को अन्त्य सम्ममा बालमैत्री स्थानीय शासनयुक्त जैमिनी नगरपालिका घोषणाको अभियानलाई सहयोग पुग्ने गरि बजेटको सुनिश्चित गरेको छ |
| १८ | लैंगिक हिंसा निवारण जोड कोष स्थापनाको लागि बजेट व्यवस्था गरेको छ। |
| १९ | लैंगिक समानता तथा सामाजिक समावेशिकरणको क्षेत्रमा बजेट प्रस्ताव गरेको छ। |
| २० | व्यावसायिक कृषि उत्पादनका लागि कृषि मजदुर परिचालन कार्यक्रमको लागि बजेट व्यवस्था गरेको छ। |
| २१ | विपद्बाट हुने क्षतीलाई सहयोग गर्न कृषक राहत कोषलाई निरन्तरता दिनको लागि बजेट व्यवस्था गरेको छ। |
| २२ | नमुना गाउँ, पर्यावरणीय खेती, एक वडा एक उत्पादन प्रोत्साहनका लागि बजेट विनियोजन गरेको छ। |
| २३ | नगरक्षेत्रको हाट बजार व्यवस्थापन तथा पशु बधशाला निर्माणका लागि बजेट प्रस्ताव गरेको छ। |
| २४ | कृषि र पशुपालनको क्षेत्रलाई विशेष रोजगारी र उद्यमसँग जोड्न सकियोस भनी विशेष महत्वका साथ बजेट विनियोजन गरेको छ। |
| २५ | समान उद्देश्य भएका सहकारीहरुको एकिकरण प्रोत्साहन साथै सञ्चालन व्यवस्थापन आधारभुत तालिमको लागि बजेट व्यवस्था गरेको छ। |
| २६ | उद्योगग्राम संचालन र अन्य आवश्यक पूर्वाधार निर्माण कार्यका लागी विस्तृत परियोजना प्रस्ताव तयार गर्न र लघुउद्यम प्रवर्दन गर्न बजेट प्रस्ताव गरेको छ। |
| २७ | युवा तथा बेरोजगार जनशक्तिलाई सीपमुलक कार्यक्रममा जोड्न विभिन्न प्रकारका सीप तालिमहरु संचालन गर्न बजेट प्रस्ताव गरेको छ। |
| २८ | निर्माण सुरु गरिएका पर्यटकीय पैदलमार्ग तथा अन्य पर्यटन पूर्वाधार विकासका लागि बजेट विनियोजन गरेको छ। |
| २९ | संस्कृति संरक्षण तथा पर्यटन प्रवर्द्धन कार्यक्रमको लागि आवश्यक व्यवस्था गरेको छ। |

| | |
|---|---|
| ३० | वडास्तरका दिगो सडक योजनाहरुलाई निरन्तरता दिने गरि बजेट प्रस्ताव गरेको छु। |
| ३१ | सरकारी तथा गैरसरकारी, सार्वजनिक निजी सँस्थाहरुसँगको सहकार्य र साझेदारीमा कार्यक्रम संचालन गर्नको लागि आवश्यक बजेट प्रस्ताव गरेको छु । |
| ३२ | नगरपालिकाबाट निरन्तररुपमा संचालित खरका छाना विस्थापन, घरवार विहिनहरुको लागि घर निर्माण, सुकुम्वासी समाधानका लागि सो क्षेत्रमा बजेट विनियोजन गरेको छु । |
| ३३ | नगरपालिकाको प्रशासकीय भवन निर्माणको लागि बजेट प्रस्ताव गरेकोछु । |
| ३४ | नगरस्तरका सडक सँजालले नछोएका बस्ती तथा केन्द्र जोड्नका लागि बजेट प्रस्ताव गरेको छु। |
| ३५ | विपद्मा परेकाहरुको लागि राहत वितरण तथा जोखिमको क्षेत्रहरुलाई न्यूनिकरण गर्न विपद् व्यवस्थापन कोषमा आवश्यक बजेट व्यवस्था गरेको छु । |
| ३६ | जैमिनी नगरपालिकाको सडक यातायात गुरु योजना, वडाकार्यालय भवन निर्माणको डि.पि.आर. र प्राविधिक परीक्षण ल्याव स्थापना गर्न आवश्यक बजेट व्यवस्था गरेको छु। |
| ३७ | नागरिकको सेवालाई छिटो, छरितो र पारदर्शि बनाउँदै सुशासनको प्रत्याभूति दिन आवश्यक कार्यक्रमका लागि बजेट प्रस्ताव गरेको छु । |
| ३८ | आन्तरिक आय बृद्धिको लागि करको दायरालाई फराकिलो बनाउदै करदाता परिचयपत्र व्यवस्थापन गर्न बजेटको व्यवस्था गरेको छु। |
| ३९ | न्याय सम्पादनलाई व्यवस्थित तथा प्रभावकारी बनाउन आवश्यक बजेट व्यवस्था गरेको छु । |
| ४० | जैमिनी नगरपालिकाको लगानी सम्मेलनका लागि चालु शिर्षक बाट खर्च गर्ने गरी बजेट व्यवस्था मिलाएको छु। |
| ४१ | नीति तथा कार्यक्रमले उच्च महत्व दिएका विषयहरुलाई आर्थिक, सामाजिक, पूर्वाधार, वातावरण तथा विपद् व्यवस्थापन, सुशासन तथा सँस्थागत विकासका क्षेत्रमा आवश्यकता अनुसारको बजेट विनियोजन गरेको छु । |

**अध्यक्ष महोदय,**

अव म गत आ.व.२०७८।७९ र चालु आ.व.२०७९।०८० को समीक्षा गर्दै आगामी आर्थिक वर्ष २०८०।०८१ को आय व्ययको अनुमान प्रस्तुत गर्न अनुमति चाहन्छु । गत आर्थिक वर्ष २०७८।०७९ को आषाढ मसान्तसम्म चालु तर्फ रु.४०४५९७६१८।१३ (चालिस करोड पैचालिस लाख सन्तानब्बे हजार छ सय अठार रुपैया पैसा तेह्र मात्र) र पुँजीगत तर्फ रु.२२३९७५९९४।१५ (बाईस करोड, उन्चालिस लाख पचत्तर हजार नौ सय चौरानब्बे रुपैया पैसा पन्ध्र मात्र) गरी कुल रु.६२८५७३६१२।२८ (बैसट्टी करोड पचासी लाख तिरहत्तर हजार छ सय बाह्र रुपैया पैसा अठ्ठाईस मात्र) यथार्थ खर्च भएको छ।चालु आ.व.२०७९।०८० आषाढ ५ गते सम्म कुल संसोधित विनियोजित बजेट रु ७९९०४४९९२|- (उनासी करोड नब्बे लाख चौवालिस हजार नौ सय बयानब्बे रुपैया मात्र) भएकोमा चालु तर्फ रु. ३४६२७४८१२।१० (चौतिस करोड बैसट्ठी लाख चौरत्तर हजार आठ सय बाह्र रुपैया पैसा दश मात्र) र पुँजीगत तर्फ रु.१५४५३२१०८.३६ (पन्ध्र करोड पैचालिस लाख बत्तिस हजार एक सय आठ रुपैया पैसा छत्तिस मात्र) खर्च भई सकेको छ भने चालु आ.व. को आषाढ मसान्त सम्म चालु र पुँजीगत शिर्षकमा औषत ८५ प्रतिशत सम्म खर्च हुने अनुमान छ । चालु आर्थिक बर्ष ०७९/०८० को लागि अनुमान गरिएको आन्तरिक आय रू.९००००००|- (नब्बे लाख रुपैया मात्र।) मा २०८० जेठ मसान्त सम्म रू. ७६३२८६६|- (छ्यात्तर लाख बत्तिस हजार आठ सय छैसट्ठि रुपैया मात्र) प्राप्त भएको छ भने आषाढ मसान्तसम्म लक्ष्य अनुसार प्रगति हुने अपेक्षा गरिएको छ।

## आ.व. २०८०/०८१ को अनुमानित आय व्यय विवरण

**आय अनुमान (सँक्षिप्त)**

| क.स. | आय शिर्षक | रकम रू. |
|---|---|---|
| १ | चालु आ.व.२०७९र०८० बाट खर्च नभई मौज्दात हुने रकम रु. | ३५००००००।(तीन करोड पचास लाख रुपैया मात्र।) |
| २ | संघीय सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु. | ११२००००००।(एघार करोड विस लाख रुपैया मात्र।) |
| ३ | संघीय सरकारबाट प्राप्त हुने विशेष अनुदान रु. | १३००००००। (एक करोड तीस लाख रुपैया मात्र।) |
| ४ | संघीय सरकारबाट प्राप्त हुने समपुरक अनुदान | ५००००००|(पचास लाख मात्र) |
| ५ | सडक वोर्ड नेपाल साझेदारी कार्यक्रम | ५००००००। (पचास लाख रुपैया मात्र।) |
| ६ | संघीय सरकारबाट प्राप्त हुने राजस्व वाडफाड शिर्षकमा प्राप्त हुने अनुदान रु. | ९९५६४७००। (नौ करोड पन्चानब्बे लाख चौसट्ठी हजार सात सय रुपैया मात्र ।) |
| ७ | प्रदेश सरकारबाट अन्तर सरकारी वित्तिय हस्तान्तरण अन्तरगत प्राप्त हुने समानीकरण अनुदान रु. | १४७५६०००। (एक करोड सतचालिस लाख छेपन्न हजार रुपैया मात्र ।) |

| | | |
|---|---|---|
| ८ | प्रदेश सरकारबाट प्राप्त हुने राजस्व वाडफाड शिर्षकमा प्राप्त हुने अनुदान रु. | ८९४८०००। (उनान्नब्बे लाख अडचालिस हजार रुपैया मात्र।) |
| ९ | नगरपालिकाको विभिन्न शिर्षकमा प्राप्त हुने आन्तरिक आय रु. | ११५०००००।( एक करोड पन्ध्र लाख रुपैया मात्र।) |
| १० | संघीय सरकार, प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान(शिक्षा, स्वास्थ्य, कृषि, पशु, झोलुङ्गेपुल, प्रधानमन्त्री रोजगार कार्यक्रम, सामाजिक सुरक्षा तथा घटनादर्ता सुदृढिकरण आयोजना, सुरक्षित आप्रवाशन लगायत) जम्मा रु. | ४०४७०००००। (चालिस करोड सच्चालिस लाख रुपैया मात्र।) |
| ११ | गण्डकी प्रदेश सरकार प्राप्त हुने सम्पुरक अनुदान रकमबाट प्राप्त हुने रु. | ५००००००( पचास लाख रुपैया मात्र।) |
| | गण्डकी प्रदेश सरकारबाट प्राप्त हुने सशर्त अनुदान रकमबाट प्राप्त हुने रु. | ६०००००० (साठी लाख रुपैया मात्र) |
| १२ | वित्तिय समानीकरण अनुदान, सशर्त अनुदान, निशर्त अनुदान, विशेष अनुदान, सम्पुरक अनुदान, राजस्व वाडफाड र आन्तरिक आय समेतको कुल जम्मा आय रु. | ७२०४६८७००। (बहत्तर करोड चार लाख अठसट्ठी हजार सात सय रुपैया मात्र।) |

# आव. २०८०।८१ को व्यय अनुमान

| क.स | आयोजना तथा कार्यक्रमहरु | वडा/नगर | विषय क्षेत्र | रकम |
|---|---|---|---|---|
| क. | **आर्थिक विकास तर्फ जम्मा रु. २,११,८५,०००।-(अक्षररूपी दुई करोड एघार लाख पचासी हजार रूपैया मात्र)** | | | |
| १. | कृषि सम्बन्धि अध्ययन अनुसन्धान | नगरस्तर | आर्थिक विकास | ५,००,००० |
| २. | समिक्षा गोष्ठी बैठक संचालन | नगरस्तर | आर्थिक विकास | १,५०,००० |
| ३. | कृषक सम्मान तथा दिवस समारोह संचालन कार्यक्रम | नगरस्तर | आर्थिक विकास | १,५०,००० |
| ४. | पर्यावरणीय खेती (पुष्प खेती, मौरी पालन, घर बगैचा)(विपन्न/दुर्गम का लागि मागमा आधारित) | नगरस्तर | आर्थिक विकास | ३,००,००० |

| | | | | |
|---|---|---|---|---|
| ५. | एक वडा, एक उत्पादन तथा प्रवर्द्धन आयोजना (मागमा आधारित/प्रतिफलमा आधारित प्रोत्साहन कार्यक्रम) विशेष बाली | नगरस्तर | आर्थिक विकास | ४,००,००० |
| ६. | चक्लाबन्दी गरिएका स्थानमा व्यावसायिक कृषि उत्पादन कार्यक्रम (कृषि मजदुर परिचालन कार्यक्रम) | नगरस्तर | आर्थिक विकास | ५००,००० |
| ७. | डाले घाँस नर्सरी स्थापना | नगरस्तर | आर्थिक विकास | १,००,००० |
| ८. | मसलाबाली प्रवर्द्धन कार्यक्रम | नगरस्तर | आर्थिक विकास | १,००,००० |
| ९. | Iodine Scratch test lab स्थापना तथा माटो परीक्षण कार्यक्रम | नगरस्तर | आर्थिक विकास | १,५०,००० |
| १०. | हाट बजार व्यवस्थापन | नगरस्तर | आर्थिक विकास | ३,००,००० |
| ११. | सामुदायिक विद्यालयमा नमुना कृषि प्रविधि प्रदर्शन कार्यक्रम | नगरस्तर | आर्थिक विकास | १,००,००० |
| १२. | कृषि सेवा फ्लो अप कार्यक्रम | नगरस्तर | आर्थिक विकास | २००,००० |
| १३. | आकस्मिक बाली संरक्षण तथा नियमित सेवाटेवा कार्यक्रम | नगरस्तर | आर्थिक विकास | ३,००,००० |
| १४. | ५०% अनुदानमा टनेल प्लास्टिक वितरण | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| १५. | कृषक राहत तथा बिपत व्यवस्थापन | नगरस्तर | आर्थिक विकास | ४,५०,००० |
| १६. | नमुना कृषि गाउँ/ अर्गानिक भिलेज | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| १७. | मिनीटिलर मर्मत तालिम | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| १८. | नियमित उपचार सेवा, औषधि खरिद (पशु तर्फ) | नगरस्तर | आर्थिक विकास | ५,००,००० |

| | | | | |
|---|---|---|---|---|
| १९. | व्यावसायिक रुपमा हाल गोरु पालक कृषकहरुलाई प्रोत्सहान अनुदान | नगरस्तर | आर्थिक विकास | ३,००,००० |
| २०. | बधशाला निर्माण | नगरस्तर | आर्थिक विकास | ७,००,००० |
| २१. | उत्पादन र बिक्रीमा आधारित अनुदान (दुध आदि) | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| २२. | क्षेत्रफलमा आधारित घाँस विकास कार्यक्रम तथा पशु पोषण | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| २३. | पशुपालक कृषकका लागि सामग्री ५०% अनुदान | नगरस्तर | आर्थिक विकास | ३,००,००० |
| २४. | व्यावसायिक कृषक तालिम | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| २५. | व्यावसायिक राँगो पालक कृषकलाइ प्रोत्सहान | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| २६. | बेसाहारा एकल महिला पुरुष (विपन्न) लक्षित वर्ग बाख्रा/ कुखुरा पालन कार्यक्रम | नगरस्तर | आर्थिक विकास | ३,००,००० |
| २७. | बफेलो काफ होस्टेलको निरन्तरता कार्यक्रम | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| २८. | आकस्मिक उपचार सेवा तथा महामारी | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| २९. | दुग्ध सहकारी सामाग्री व्यवस्थापन | नगरस्तर | आर्थिक विकास | २,००,००० |
| ३०. | पुरानो गाउँ बाँदर बगैंचा आधार तयार | ८ | आर्थिक विकास | १०,००,००० |
| ३१. | हाँडीकोट पर्यटन पूर्वाधार निर्माण | १० | आर्थिक विकास | ३,५०,००० |
| ३२. | गाजा दह सांस्कृतिक सम्पदा विकास कार्यक्रम | ३ | आर्थिक विकास | ३,५०,००० |
